# धमाधम समातिँदै चिरान गरेका सालका काठ

यादव आचार्य | *गुलरिया*



बर्दियाको बढैयाताल गाउँपालिका–६ उच्चागाउँस्थित मैनापोखरबाट बाँसगढी आवागमन गर्ने भित्री सडक खण्डबाट केही दिनअघि चिरान गरेको साल जातको चौकोस काठहरू प्रहरीले नियन्त्रणमा लियो। भे १ त ६०८२ नम्बरको ट्याक्टरमा लोड गरी राखिएको अवस्थामा अवैध काठ रीतपूर्वक बरामद गरी आवश्यक कारबाहीका लागि वन डिभिजन कार्यालय बाँसगढीमा बुझाइएको छ।

ट्याक्टरको ट्रलीमा लोड गरिएको १ सय २९.५७ क्युफिट साल जातको चिरान काठ र सोही प्रजातिको ५ क्विन्टल स्ट्रिप नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक चक्रबहादुर डमरपालले बताए। उनले भने, 'नियन्त्रणमा लिएको काठसहितको ट्रली ट्याक्टरको मूल्य अन्दाजी १३ लाख ६ सय ६५ रुपैयाँ छ। पछिल्लो समय बर्दियामा चिरानी अवस्थाको अवैध काठको कारोबार बढेको छ।

प्रहरीले जेठमा पनि चिरानी गरेको अवस्थामा साल जातको काठ नियन्त्रणमा लिएको थियो। गुलरिया नगरपालिका ३ मनकामना टोलस्थित राजेन्द्र गोंडियाको गोठ नजिकैबाट बेवारिसे अवस्थामा अवैध काठ बरामद गरिएको डीएसपी डमरपालले जानकारी दिए। उनले थपे, 'वन कार्यालयले टाँचा नलगाएको चिरान काठ हामीले फेला पार्‍यौं।'

नियन्त्रणमा लिएको ८१.१५ क्युफिट चिरान काठ आवश्यक अनुसन्धानका लागि डिभिजन वन कार्यालय बर्दियामा बुझाएका छौं। काठको बजार मूल्य अन्दाजी ३ लाख ६५ हजार १ सय ७५ रुपैयाँ छ। रीतपूर्वक नियन्त्रणमा लिई वन कार्यालयमा बुझाइएको काठको अनुसन्धान भइरहेको उनले जानकारी दिए। डिभिजन वन कार्यालय बर्दियाले वन व्यवस्थापनअन्तर्गत पहिचान गरिएका रूखहरू काटिरहेको छ। जसका कारण पनि जिल्लामा आपूर्तिका काठहरू सर्वसुलभ रूपमै वितरण हुँदै आइरहेको डिभिजन वन कार्यालय बर्दियाका वरिष्ठ वन अधिकृत विजयराज सुवेदीले बताए।

'केही दिनअघि बाँसगढीमा समातिएको काठ सामुदायिक वनबाट उपभोक्ता पाएकाले अनुसन्धानपश्चात् छाडेका छौं', उनले भने। जेठमा पक्राउ भएको काठ अनुसन्धानकै क्रममा वन कार्यालय परिसरमा रहेको उनले प्रस्ट्याए। 'काठ कसको हो पत्ता लागेको छैन। मेरो काठ हो भनेर पनि कोही आएको छैन', उनले थपे, 'वनबाट प्रशस्त काठ आपूर्तिमार्फत नागरिकलाई वितरण गरे पनि यदाकदा अवैध काठ भेटिनु दुःखद् हो।' राष्ट्रिय वन क्षेत्रबाट काठ नचोरिएको उनको दाबी छ।

# कर्तव्य ज्यान मुद्दामा जन्मकैदको फैसला, हत्यारा १७ वर्षपछि पक्राउ

**विराटनगर** (अन्नपूर्ण) : विराटनगरमा भएको बीभत्स हत्याको घटनामा दोषी ठहर भएका व्यक्ति १७ वर्षपछि पक्राउ परेका छन्।

- २०६५ साउन २६ गते विराटनगर-१५ का १७ वर्षीय शम्भुकुमार सहनीको हत्या भएको थियो।
- त्यतिबेला हत्या गरेपछि बोरामा पोको पारेर फालेको क्षतिवक्षत अवस्थाको शव नहरमा भेटिएको थियो।

घटना भएको र अदालतले दोषी ठहर गरेको धेरै भइसक्दा पनि हत्यारा पक्राउ गर्न प्रहरीलाई समय लागेको हो। खोजी तीव्र पारेको प्रहरीले हत्यारा भारतमा लुकेर बसेका कारण पक्राउ गर्न सकिरहेको थिएन। मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालले १७ वर्षअघिको हत्यामा संलग्न विराटनगर महानगरपालिका-१५ घर भइ विराटनगर-१६ मा बस्दै आएका अन्दाजी ३५ वर्षीय राजकुमार सहनीलाई पक्राउ गरिएको जानकारी दिइन्।

उनका अनुसार २०६५ साउन २६ गते विराटनगर-१५ का १७ वर्षीय शम्भुकुमार सहनीको हत्या भएको थियो। धारिलो हतियारले प्रहार गरेर हत्या गरेपछि २ टुक्रा पारेर विराटनगर-१६ स्थित नहरमा फालेको अवस्थामा २०६५ साउन २८ गते शम्भुको शव फेला परेको थियो। त्यतिबेला हत्या गरेपछि बोरामा पोको पारेर फालेको क्षतिवक्षत अवस्थाको शव नहरमा भेटिएको प्रहरीले जनाएको छ।

प्रहरीको अनुसन्धानबाट हत्यामा राजकुमार सहनीलगायतको संलग्नता पुष्टि भएको थियो। 'राजकुमारलगायतका व्यक्तिहरूले मृतक शम्भुलाई घरबाटै बोलाएर लगेका रहेछन्। बीभत्स तरिकाले हत्या गरेर फालेको अवस्थामा २ दिनपछि शव भेटिएको हो। हत्यामा संलग्नहरू लामो समयदेखि फरार थिए,' प्रहरी स्रोतले भन्यो। हत्यामा संलग्नमध्ये राजकुमार बल्ल पक्राउ परेका हुन्।

घटनामा दोषी ठहर गर्दै जिल्ला अदालत मोरङले २०७७ माघ २० गते उनलाई जन्मकैदको फैसला सुनाएको थियो। अदालतको फैसला अनुसार राजकुमारले २० वर्ष कैद बस्नुपर्ने हुन्छ। अदालतले दोषी ठहर गदै जन्मकैदको सजाय सुनाएको भए पनि उनी लामो समयदेखि भागिरहेका थिए। सजाय भुक्तान नगरिकन फरार बनेका राजकुमारलाई प्रहरीले बल्ल पक्राउ गरेको हो।

राजकुमार नेपाल-भारत सीमा क्षेत्रनजिक विराटनगर-१५ स्थित १ नम्बर ढाटबाट पक्राउ परेको डीएसपी चुँडालले बताइन्। इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर कविन राई र इलाका प्रहरी कार्यालय रानी सीमाबाट खटिएको सई सुवास अधिकारीसहितको टोलीले शुक्रबार साँझ ६ बजेतिर उनलाई पक्राउ गरेको हो।

प्रहरी स्रोतका अनुसार शम्भुको हत्या गरेपछि राजकुमार लामो समयसम्म भारतमा लुकेर बसेको पाइएको छ। प्रहरीले उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत मोरङमा बुझाउने तयारी गरेको छ। अदालतले कामतलाई सजाय भुक्तानका लागि कारागार चलान गर्ने छ।

## प्रतिनिधिसभाबाट...

### कुलिङ पिरियड

समितिले निजामती सेवाबाट राजीनामा दिएको तथा अवकाश पाएको २ वर्षसम्म कर्मचारीहरूले कुनै पनि कूटनीतिक वा संवैधानिक नियुक्ति लिन नपाउने व्यवस्था गरेको छ। यसैलाई कुलिङपिरियड भनिएको हो। समिति सभापति खतिवडाले भने, 'संघीय निजामती सेवा विधेयक संसदीय समितिबाट पास भएर आएको र जस्ताको त्यस्तै पारित भएकाले अब कुनै पनि निजामती सेवाका कर्मचारी अवकाशपछि तत्कालै अर्को पदमा नियुक्त भएर जान सक्ने छैनन्।'

यो विषयको बहालवाला सचिवहरूले विरोध गरेका थिए। तर, सांसदहरूले कुलिङ पिरियड आवश्यक भएको भन्दै विधेयकमा राखेका थिए।

### सहसचिव पदपूर्ति खुला प्रतिस्पर्धाबाट

अब सहसचिवको पदपूर्ति खुला प्रतिस्पर्धाबाट हुने भएको छ। हाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीमा रहने सहसचिवहरूमध्ये १० प्रतिशत खुला प्रतिस्पर्धाबाट भित्रने गरेका थिए। बाँकी भने लोकसेवाबाटै आउने गरेका थिए।

खतिवडाका अनुसार शाखा अधिकृतहरू ६० प्रतिशत खुला प्रतिस्पर्धाबाट आउने पनि विधेयकमा व्यवस्था गरिएको छ। सरकारले ६५ प्रतिशत अधिकृत खुला प्रतिस्पर्धाबाट आउने व्यवस्था गर्न विधेयकबाट प्रस्ताव गरेको थियो। हाल भने प्रचलनमा रहेको निजामती सेवा ऐन, २०४९ ले ७० प्रतिशत अधिकृत खुला प्रतिस्पर्धाबाट आउने व्यवस्था छ। उपसचिवको हकमा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट आउने व्यवस्थालाई निरन्तरता दिइएको छ।

### उमेर हद महिला ३९ र पुरुष ३५

निजामती सेवामा प्रवेश गर्ने उमेर हद पुरुषको हकमा ३५ र महिलाको हकमा ३९ हुने भएको छ। निजामती सेवामा हाल पुरुषको हकमा सेवा प्रवेशको उमेर ३५ र महिलाको हकमा ४० वर्ष छ। महिलाहरूले ४० वर्षमा सेवा प्रवेश गर्दा पेन्सन पाउन सेवा अवधि २० वर्ष नपुग्ने अवस्था आउन सक्ने भएकाले समितिले ३९ वर्षको व्यवस्था गरेको हो।

### अतिरिक्त सचिव पद सिर्जना

समितिले अतिरिक्त सचिवको पद सिर्जना गरेको छ। सचिवभन्दा तल्लो र सहसचिवभन्दा माथिल्लो तहमा रहने गरी सिर्जना गरिएको अतिरिक्त सचिवको पद तेह्रौं तहको विशिष्ट श्रेणीको अधिकृत हुनेछन्। विधेयकले अतिरिक्त सचिव पदको दरबन्दी सिर्जना गर्दा राजपत्रांकित चौधौं तह (सचिव) अथवा रापत्रांकित प्रथम श्रेणी (सहसचिव) को दरबन्दी कटौती गर्नुपर्ने व्यवस्था गरेको छ।

समितिले सरकारका केही विभागहरूमा समेत अतिरिक्त सचिवले नेतृत्व गर्ने गरी यो व्यवस्था कायम गर्न खोजेको छ।

### मुख्यसचिवको सेवा अवधि २ र सचिवको ४ वर्ष

मुख्यसचिवको सेवा अवधि २ वर्षको हुने भएको छ। हाल मुख्य सचिवको सेवा अवधि ३ वर्ष छ। त्यस्तै सचिवको सेवा अवधि पनि ५ वर्षबाट घटाएर ४ वर्ष बनाइएको छ। यद्यपि यो विधेयक लागू भएपछि मात्रै यो व्यवस्था लागू हुनेछ। अहिले नियुक्ति भएका मुख्यसचिव र सचिवको सेवा अवधि भने ५ वर्ष नै रहने विधेयकमा उल्लेख छ।

### प्रदेश र स्थानीय तहका कर्मचारीलाई अन्तरप्रदेश सरुवा

प्रदेश र स्थानीय तहका कर्मचारीहरूलाई पनि अन्तरप्रदेश सरुवा गरिने भएको छ। त्यसका लागि स्थानीय तह र प्रदेशमा काम गरिरहेका कर्मचारीहरूले १० वर्ष सो क्षेत्रमा काम गर्नुपर्नेछ।

### कर्मचारी १ वर्ष सरुवा नहुने

समितिले कुनै पनि कर्मचारीलाई न्यूनतम एक वर्ष सरुवा गर्न नमिल्ने व्यवस्था गरेको छ। सरुवाको विषयमा भौगोलिक क्षेत्रलाई क, ख, ग र घ मा विभाजन गर्ने भएको छ। यसले दुर्गममा नजाने भन्ने विषय उठ्न नपाउने भनिएको छ।

### आरक्षणको विषय

कुनै पनि व्यक्तिले राजपत्रांकित पदमा एकपटक र राजपत्र अनंकित पदमा एकपटक मात्रै आरक्षण प्रयोग गर्न पाउनेछन्। कुनै आरक्षित समूहबाट पूर्ति हुन नसके सबभन्दा कम प्रतिनिधित्व भएको समूहबाट तानेर पदपूर्ति गर्ने गरी व्यवस्था गरिएको छ।

### प्रदेश र संघका कर्मचारीको विषय

विधेयकमा बढीमा १० वर्षसम्म मात्र संघीय निजामती सेवाका कर्मचारी प्रदेश र स्थानीय तहमा पठाउने व्यवस्था गरेको छ। हाल स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतदेखि प्रदेश मन्त्रालयका सचिवसम्म संघीय निजामती सेवाका कर्मचारी खटिएका छन्। यस्तै समितिले निजामती कर्मचारीहरूलाई आन्तरिक पर्यटन बिदा दिने कानुनी व्यवस्था गरेको छ।

सरकारले पर्यटन बिदा दिने प्रस्ताव गरेकोमा राज्य व्यवस्था समितिले आन्तरिक पर्यटन बिदा दिने गरी व्यवस्था गरेको हो। राज्य व्यवस्था समितिले विधेयकमा केही नयाँ प्रावधान गरे पनि निजामती कर्मचारीलाई ट्रेड युनियनको अधिकार भने यथावत् राखिएको छ। कर्मचारीहरूलाई ट्रेड युनियनको अधिकार दिन नहुने भन्दै सांसदहरूले विरोध गर्दै आएका थिए।

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं
फोन नं. : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, वेभसाइट : www.garimabank.com.np

**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०३/१६**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : द्वारिका नारायण चौधरी**<br>बावुको नाम : जंग बहादुर चौधरी<br>बाजेको नाम : जितराम चौधरी<br>स्थायी ठेगाना : सरावल गा.वि.स.-७, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं.: २७८, जारी मितिः २०४५/०१/०९<br>जारी जिल्ला : नवलपरासी<br>**कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा/व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : परासी, नवलपरासी** | **ख) नाम, थर : करिश्मा कुमारी चौधरी**<br>पतिको नाम : खेल नारायण चौधरी<br>ससुराको नाम : द्वारिका नारायण चौधरी<br>स्थायी ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-७५-०४०५८<br>जारी मितिः २०७५/०८/१२, जारी जिल्लाः नवलपरासी<br>**ग) नाम, थर : उषा देवी चौधरी**<br>पतिको नाम : द्वारिका नारायण चौधरी<br>ससुराको नाम : जंग बहादुर चौधरी<br>स्थायी ठेगाना : सरावल गा.वि.स.-७, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ३६३०६२/३००<br>जारी मितिः २०६३/११/२२, जारी जिल्लाः नवलपरासी<br>**घ) नाम, थर : सुरेन्द्र गोसाई**<br>बावुको नाम : साधु गोसाई<br>बाजेको नाम : नरेश गोसाई<br>स्थायी ठेगाना : कुश्मा गा.वि.स.-२, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ७०/९९९<br>जारी मितिः २०४५/०१/०६, जारी जिल्लाः नवलपरासी |
| **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** | |
| **क) नाम, थर : राज कुमार चौधरी**<br>बावुको नाम : द्वारिका नारायण चौधरी<br>बाजेको नाम : जंग बहादुर चौधरी<br>स्थायी ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-७४-०४२०८<br>जारी मिति : २०७४/०४/३२<br>जारी जिल्ला : नवलपरासी | |

**नोटः** ऋणी द्वारिका नारायण चौधरीको **व्यक्तिगत आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु राज कुमार चौधरी, करिश्मा कुमारी चौधरी, उषा देवी चौधरी रहेको र **व्यक्तिगत लघुउद्यम कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु उषा देवी चौधरी, सुरेन्द्र गोसाई रहेको।

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, परासी, नवलपरासीमा द्वारिका नारायण चौधरीको नाममा दर्ता श्रेस्ता कायम रहेको सरावल गा.वि.स. स्थित वडा नं. ७ र नक्सा सीट नं. ७ख को कित्ता नं. ५७७ क्षे.फ. ५४१.७३ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नामः अरुण सुवेदी**<br>बावुको नामः चन्द्र प्रसाद सुवेदी<br>बाजेको नामः देवि प्रसाद सुवेदी<br>स्थायी ठेगानाः फूलवारी गा.वि.स.-३, चितवन<br>हालको ठेगानाः भरतपुर म.न.पा.-१५, चितवन<br>ना.प्र.नं.: ४००१६<br>जारी मितिः २०६५/०१/०९, जारी जिल्लाः चितवन<br>**कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालयः बुद्धचोक, चितवन** | **ख) नाम, थरः अर्जुन सुवेदी**<br>बावुको नामः चन्द्र प्रसाद सुवेदी<br>बाजेको नामः देवि प्रसाद सुवेदी<br>स्थायी ठेगानाः फुलवारी गा.वि.स.-३, चितवन<br>हालको ठेगानाः भरतपुर म.न.पा.-१५, चितवन<br>ना.प्र.नं.: ३५३०२४/५५<br>जारी मितिः २०६३/११/०१<br>जारी जिल्लाः चितवन<br>**ग) नाम, थरः विष्णु कुमारी सुवेदी**<br>पतिको नामः चन्द्र प्रसाद सुवेदी<br>ससुराको नामः देवी प्रसाद सुवेदी<br>स्थायी ठेगानाः मिजुरेडाँडा गाउँ पञ्चायत-९, कास्की<br>हालको ठेगानाः भरतपुर म.न.पा.-१५, चितवन<br>ना.प्र.नं.: ४४१<br>जारी मितिः २०४४/१०/२६<br>जारी जिल्लाः कास्की |
| **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** | |
| **क) नाम, थरः पुजा शाह**<br>पतिको नामः अरुण सुवेदी<br>ससुराको नामः चन्द्र प्रसाद सुवेदी<br>स्थायी ठेगानाः फुल्पिङकोट गा.वि.स.-३, सिन्धुपाल्चोक<br>हालको ठेगानाः भरतपुर म.न.पा.-१५, चितवन<br>ना.प्र.नं.: २४१०४४/१७२<br>जारी मितिः २०६७/११/०१, जारी जिल्लाः सिन्धुपाल्चोक | |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, भरतपुर, चितवनमा विष्णु कुमारी सुवेदीको नाममा दर्ता श्रेस्ता कायम रहेको श्रीपुर गा.वि.स/न.पा वडा नं. २ को कित्ता नं. २८८, २९९ क्षे.फ. ०-२-०-०, ०-१-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः कुमार दाहाल खत्री**<br>बावुको नामः भीम बहादुर दाहाल खत्री<br>बाजेको नामः दिवाकर दाहाल<br>स्थायी ठेगानाः धुलिखेल न.पा.-७, काभ्रे<br>हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-४, काठमाण्डौं<br>ना.प्र.नं.: ३५२१४/१४४२<br>जारी मितिः २०४६/१२/१४, जारी जिल्लाः काभ्रेपलान्चोक<br>**कर्जा शीर्षकः आवास कर्जा**<br>**शाखा कार्यालयः हात्तिगौडा, काठमाण्डौं** | **क) नाम, थरः सहिता ढुंगेल**<br>पतिको नामः कुमार दाहाल<br>ससुराको नामः भिम बहादुर दाहाल खत्री<br>स्थायी ठेगानाः काठमाण्डौं म.न.पा.-१०, काठमाण्डौं<br>हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-४, काठमाण्डौं<br>ना.प्र.नं.: ९३३८<br>जारी मितिः २०५२-०१-०६<br>जारी जिल्लाः काठमाण्डौं |

**सुरक्षण धितोको विवरणः**
मालपोत कार्यालय चावहिल काठमाण्डौंमा सहिता ढुंगेलको नाममा दर्ता श्रेस्ता कायम रहेको विष्णु (बुढानिलकण्ठ) गा.वि.स/न.पा वडा नं. ४ कित्ता नं. २८५८, २९३८, २८५५, ३२१८ क्षे.फ. ११९.२२, ४७.६९, ९५.३७, ९५.३७ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ४. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नामः सानु इलेक्ट्रोनिक्स**<br>फर्मको ठेगानाः निजगढ-९, बारा<br>फर्म दर्ता नं.: १३५३। ०६६-६७<br>फर्म दर्ता मितिः २०६७/०३/१७<br>फर्मको पान नं. ३००३६५३६८<br>फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारा<br>**प्रोप्राईटरः जीत बहादुर राना मगर**<br>**कर्जा शीर्षकः साना तथा मझौला व्यवसाय अधिविकर्ष कर्जा/पुनरसंरचना कर्जा**<br>**शाखा कार्यालयः चन्द्रपुर, रौतहट**<br><br>**ख) ऋणीको नामः रत्न राना**<br>पतिको नामः जित बहादुर राना मगर<br>ससुराको नामः नर बहादुर राना मगर<br>स्थायी ठेगानाः निजगढ-९, बारा<br>हालको ठेगानाः निजगढ न.पा.-९, बारा<br>ना.प्र.नं.: ८३२५<br>जारी मितिः २०५९/०२/०९<br>जारी जिल्लाः बारा<br>**कर्जा शीर्षकः व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालयः चन्द्रपुर, रौतहट** | **क) नाम, थरः जीत बहादुर राना मगर**<br>बावुको नामः नर बहादुर राना मगर<br>बाजेको नामः लाल बहादुर<br>स्थायी ठेगानाः निजगढ गाउँ पञ्चायत-९, बारा<br>हालको ठेगानाः निजगढ न.पा.-९, बारा<br>ना.प्र.नं.: ६४९२/६३८२<br>जारी मितिः २०४६/०२/३२, जारी जिल्लाः बारा<br>**ख) नाम, थरः रत्न राना**<br>पतिको नामः जित बहादुर राना मगर<br>ससुराको नामः नर बहादुर राना मगर<br>स्थायी ठेगानाः निजगढ-९, बारा<br>हालको ठेगानाः निजगढ न.पा.-९, बारा<br>ना.प्र.नं.: ८३२५<br>जारी मितिः २०५९/०२/०९, जारी जिल्लाः बारा<br>**ग) नाम, थरः गोमा पूलामी**<br>पतिको नामः राम हिरा पूलामी<br>ससुराको नामः ज्ञान बहादुर पुलामी<br>स्थायी ठेगानाः चन्द्रनिगाहापुर गा.वि.स.-१, रौतहट<br>हालको ठेगानाः चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं.: १८१२<br>जारी मितिः २०६०/०२/२२, जारी जिल्लाः रौतहट |

**नोटः** ऋणी सानु इलेक्ट्रोनिक्सको **साना तथा मझौला व्यवसाय अधिविकर्ष कर्जा/पुनरसंरचना कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु जीत बहादुर राना मगर, रत्न राना रहेको र ऋणी रत्न रानाको **व्यक्तिगत लघुउद्यम कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु जीत बहादुर राना मगर, गोमा पूलामी रहेको।

**सुरक्षण धितोको विवरणः**
मालपोत कार्यालय सिमरा, बारामा रत्न रानाको नाममा दर्ता श्रेस्ता कायम रहेको निजगढ गा.वि.स/न.पा वडा नं. ७ नक्सा सीट नं. ७घ को कित्ता नं. ३९१, १३६६ क्षे.फ. ०-०-४½, ०-०-१५¾ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्त बन्देजहरू :**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०४/२१ गते बुधबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन्।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

## सिनामंगल...

हाल यहाँबाट दैनिक ४ सय किलोलिटर हवाई इन्धन बिक्री वितरण हुँदै आएको छ। यो डिपोमा १ हजार ६ सय किलोलिटरका तीनवटा, ७ सय ६० किलोलिटरका ३ वटा र ७० किलोलिटर क्षमताका ८ वटा इन्धन भण्डारण ट्यांकी छन्। यो डिपोले करिब १ महिनाका लागि हवाई इन्धन भण्डारण गर्न सक्ने इन्जिनियर यादवले भने। इन्धन भण्डारण हुने स्थान संवेदनशील क्षेत्रभित्र पर्छ। विमानस्थल धावनमार्ग उत्तर-पश्चिमतर्फ नेपाली सेनाको गल्फ कोर्श नजिकै गृह्येश्वरीमा प्राधिकरणले ६० रोपनी जग्गा उपलब्ध गराउने बताएको छ। प्राधिकरणले जग्गा छुट्ट्याएको भए पनि जग्गा प्राप्तिको अधिकारसहितको सम्झौता नभएको यादवले जानकारी दिए।

प्राधिकरणले साइट क्लियरन्सको काम पनि नगरेको उनले भने। ६० रोपनी क्षेत्रफलमध्ये करिब १५ रोपनी क्षेत्रफलमा अझै पनि सेनाको भवन र रूखहरू रहेका छन्। 'निगमले प्राधिकरणलाई पटक-पटक लिखित तथा मौखिक रूपमा जग्गा सम्झौता गर्नका लागि अनुरोध गर्दै आएको छ। साइट क्लियरेन्स पनि पूर्णरूपमा भएको छैन,' भन्दै यादवले आगामी आर्थिक वर्षको सुरुमा नै निर्माणका लागि बोलपत्र आह्वान गर्ने निगमको तयारीमा असर गरेको बताए।

### हाल प्रस्तावित डिपो निर्माण साइटमा देखिएका समस्याहरू:

- प्राधिकरणले हालसम्म निगमको लागि तोकिएको जग्गाको चार किल्ला पूर्ण रूपमा नछुट्ट्याइ दिएको।
- तोकिएको जग्गाको पूर्णरूपमा साइट क्लियर्न्स नहुनुको साथै उक्त जग्गामा रहेका नेपाली सेनाका भवनहरू नहटाइएको।
- निगम र प्राधिकरणबीच प्रस्तावित जग्गाको स्वामित्व एवं जग्गा हस्तान्तरणको मोडालिटि नटुंगिएको।

हाल स्थानान्तरणका लागि तोकिएको क्षेत्रमा चार कोठे साइट अफिस निर्माण कार्य सम्पन्न भएको र साइटमा जाने बाटो तथा प्रवेशद्वार निर्माण कार्य सम्पन्न भएको छ। साइटमा रहेको माटोको ढिस्को पनि प्राधिकरणले सम्याइदिएको छ। सिनामंगलस्थित हवाई इन्धनको डिपो सुरक्षा विषयलाई सरकारले गम्भीर रूपमा हेरेको छ। अहिलेको स्थानमा अवस्थित डिपोको कारण स्थानीय बासिन्दा, राजमार्ग एवं हवाई उड्डयन क्षेत्रसमेत जोखिममा रहेको अवस्थालाई नजरअन्दाज गर्न सक्ने अवस्था छैन। यसलाई नै मध्यनजर गर्दै गत साउन २८ मा मन्त्रिपरिषद्को बैठकले एक वर्ष भित्रमा हवाई इन्धन डिपो सुरक्षित र सुविधायुक्त स्थानमा सार्नसमेत निर्देशन दिइसकेको छ।

यता, प्राधिकरणको एसियाली विकास बैंक (एडीबी) को सहयोगमा विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि आयोजना सञ्चालन भइरहेको छ। यो आयोजनाले विमानस्थल विस्तार गर्दै स्तरोन्नति गरी फराकिलो र सुरक्षितअन्तर्गत विमानस्थलको मुख्य धावन मार्गमा विमान पुग्न प्रयोग गरिने समानान्तर मार्ग (प्यारालल ट्याक्सी वे) निर्माण गर्न लागेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) र प्राधिकरणको गुरुयोजनाअनुसार मुख्य धावनमार्गको केन्द्रदेखि ट्याक्सी वे बीचमा दूरी १७२.५ मिटर कायम गर्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड छ। सो ट्याक्सी वे निर्माण गर्दा अहिले रहेको निगमको हवाई इन्धन डिपोको करिब आधा क्षेत्रफल हटाउनुपर्ने अवस्था रहेको छ।

नियमअनुसार विमानस्थल रनवेको ७५ मिटरभन्दा दायाँ र बायाँ यस्तो खतरनाक डिपो राख्न नहुने भनिएको छ, यो एरियालाई संवेदनशील क्षेत्र भनिने गरिन्छ। रनवेको १५० मिटर दायाँ र बायाँ सेफ्टी एरियामा पनि यस्ता किसिमका प्रज्वनशील डिपो राख्न मिल्दैन। प्राधिकरणले करिब ५ वर्षदेखि नै डिपो सार्न पहल गर्दै आएको हो। निगमलाई पटक-पटक यसबारेमा जानकारी गराई डिपो सार्न भनिए पनि बजेटको अभाव र जग्गाको अभाव देखाउँदै निगम पन्छिँदै आएको थियो। तर, गत साउन ९ गते सौर्य एयरलाइन्सको जहाज विमानस्थल हाताामा नै दुर्घटनाग्रस्त भएपछि नेपार सरकारको निर्णयसँगै डिपो सार्न निगमले तदारुपता देखाएको हो।

उक्त आयोजनको सुरुको अनुमानित लागत करिब ६ अर्ब भनिएको छ। डीपीआरको प्रारम्भिक प्रतिवेदनले पनि करिब ६ अर्ब लागत अनुमान गरेको छ। हाल प्रस्तावित गुह्येश्वरीतर्फको जग्गामा निर्माण हुने डिपोमा ३ हजार किलोलिटर क्षमताका ५ वटा भण्डारण ट्यांक रहने छन्। प्राधिकरणले पशुपति क्षेत्र विकास कोषसँग करिब ८० वर्षका लागि लिजमा लिएको जग्गा मध्येबाट हवाई इन्धन डिपो सार्नका लागि ६० रोपनी जग्गा भाडामा उपलब्ध गराउन लागेको हो। सरकारी नियमअनुसार सम्झौता भएको दिनबाट नै निगमले प्राधिकरणलाई भाडा बुझाउनुपर्ने हुन्छ।

यसमा निगमले प्राधिकरणसँग डिपो निर्माण अवधीको भाडा नलिन अनुरोध गरेको छ। सरकारी नियमानुसार करिब ५ वर्षसम्म भाडा नलिने प्रावधान छ। प्राधिकरण बोर्ड बैठकले निगमसँग निर्माण अवधीको भाडा नलिने सहमति गरी पर्यटन मन्त्रालयको स्वीकृतिका लागि पठाएको स्रोत बताउँछ। मन्त्रालयबाट स्वीकृत भएर नआएकाले निगमसँगको सम्झौता रोकिएको प्राधिकरणको भनाइ छ। स्थानान्तरण गरिने डिपो बनाउन ३ वर्ष लाग्ने अनुमान निगमको छ।